# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति:२०७६/०४/०६

पत्र संख्या:२०७६/०७७(सू.प्र/अ.व्य.केन्द्र)

चलानी नम्बर .............

### मेकानिकल ईन्जिनियर आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७६/०४/०६ गते)**

आठविसकोट नगरपालिकाको स्वीकृत संगठन संरचना र दरवन्दी विवरण अनुसार यस नगरपालिका कार्यालयको लागि आवश्यक दक्ष तथा अनुभवि मेकानिकल ईन्जिनियर खुला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

१. **आवश्यक पद संख्या:**

| विज्ञापन नं. | पद | खुल्ला | जम्मा |
|---|---|---|---|
| ०१-०७६/७७ | मेकानिकल ईन्जिनियर | १ (एक) | १ (एक) |

२. **दरखास्त दिने स्थान:-** आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम (पश्चिम) ।

३. **दरखास्त फारम बुझाउने मिति:**-२०७६/०४/०६ गते देखि २०७६/०४/२१ गतेसम्म (कार्यालय समयभित्र)

४. **दरखास्त राजस्व (दस्तुर):**- रु. १०००।— (एक हजार मात्र) ।

५. **शैक्षिक योग्यता:-**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तिमा बि.ई. वा सो सरह उत्तीर्ण गरेको ।

ख) नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको हूनूपर्ने ।

६. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-**

क) व्यक्तिगत विवरण (BIO-DATA) १ (एक) प्रति ।

ख) नेपाली नागरिकताको प्रतिलिपि १ (एक) प्रति ।

ग) ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति

घ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

७. **छनौट विधि** : आठविसकोट नगरपालिका करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७४ बमोजिम ।

८. **सम्पर्क मिति तथा स्थान:**-२०७६/०४/२२ गते, विहान ११:०० बजे दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित कार्यालय । साथै परीक्षा मिति, समय र स्थान यहि सम्पर्क मितिमा तोकिने छ । सोको जानकारी सूचना बोर्ड, वेबसाईट तथा सामाजिक संजालमा प्रकाशन गरिने छ ।

९. **तलव/स्केल:**- रू. ३५,९९०।- (पैतीस हजार नौ सय नब्बे मात्र)

१०. **दरखास्त फारमको राजस्व तिर्ने तरिका:** बँदा नं. ५ र ६ मा उल्लेख भएको न्युनतम योग्यता र कागजात एवं बँदा नं. ४ मा तोकिएको परीक्षा दस्तुर सेञ्चुरी कर्मसियल बैंक शाखा कार्यालय, आठविसकोटमा रहेको यस नगरपालिका कार्यालयको आन्तरिक राजस्व खाता नं. **+0920000005GE** मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी स्वयम् उपस्थित भई वा ईमेलबाट समेत आवेदन दिन सकिने साथै आवेदन फारम यस नगरपालिकाको अफिसियल वेबसाइट www.aathbiskotmu.gov.np बाट डाउनलोड गरी उल्लेखित विवरणहरु भर्नुपर्नेछ ।

११. **थप जानकारीका लागि:-** सम्पर्क नं.- ९७४८५८३१३८, ९७४१३८९९६१, ९८४९२८१०९७
वेबसाईट:- WWW.aathbiskotmun.gov.np
ईमेल:- aathbiskotmun073@gmail.com, ito.aathbiskotmun@gmail.com

१२. रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन् ।

१३. लिखित परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरेअनुसार हुनेछ।

कर्मचारी छनौट समिति
आठविसकोट नगरपालिका, रूकुम (पश्चिम)